सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

**धनगढी, कैलाली, नेपाल।**


पत्र संख्या : २०८१/८२
चलानी नं. : १७०

मितिः २०८१/६/८
नेपाल संवत्: ११४४ जलागा ७ मंगलवार

**विषयः आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

**प्रिय सहकारीज्यू,**

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ प्रदेश सभाबाट पारित भई माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०८१/८२ का लागि तहाँ मन्त्रालय वा आयोग वा सचिवालय वा कार्यालय अन्तर्गतका निकायहरूका लागि विनियोजन गरिएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने तथा गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षण गर्ने तथा गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु। प्रदेशको वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि विनियोजित बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सन्दर्भमा सोही ऐनको दफा ९ को उपदफा (६) बमोजिम थप स्पष्टतासहित बजेट कार्यान्वयन सम्बन्धी देहाय अनुसारको मार्गदर्शन प्रेषित गरेको छु। महालेखापरीक्षक कार्यालयको पछिल्ला प्रतिवेदनमा उठान गरिएको बेरुजु सम्बन्धी विषय तथा प्रदेश सरकारको बेरुजुको आकार प्रत्येक वर्ष बढ्दै गइरहेको परिप्रेक्ष्यमा आर्थिक अनुशासन पालनामा सबै निकाय कठोर एवम् गम्भीर हुनुपर्ने व्यहोरा पनि यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

बजेट कार्यान्वयनका प्रारम्भिक चरणमा कार्यविधि, निर्देशिका र मापदण्ड आदिको तर्जुमा गरी आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिभित्रै खरिद प्रक्रिया सम्पन्न गरी बजेट कार्यान्वयन गर्नु हुनेछ।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट सम्बन्धमाः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले कार्यान्वयन इकाइलाई बजेट निकासा गर्नु पर्नेछ।

२. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८१ साल कार्तिक मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाईलाई दिनु पर्नेछ।

तर उक्त समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले सम्वत् २०८१ साल मङ्सिर मसान्तसम्म अनुरोध गरेमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्य हेरी सम्वत् २०८१ साल पुस मसान्तसम्म बाँडफाँट गरिदिन सक्नेछ। सो थप समयावधिभित्र बाँडफाँट नभएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

३. एउटै अनुदान संख्याभित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

४. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा आर्थिक मामिला मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ।

सचिव




फोन नं.: ०९१-५२०१०७ ...

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८१/८२
चलानी नं. :

५. स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भएमा लक्ष्य, उद्देश्य र स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतबाट पुस महिनाभित्र अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले गर्न सक्नेछ।

६. बजेट विनियोजनलाई प्रभावकारी बनाउन स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि तथा विनियोजनमा भएका त्रुटीहरू आर्थिक मामिला मन्त्रालयले जुनसुकै वखत सच्याउन सक्नेछ।

७. नदी नियन्त्रण, तटबन्ध, भू-संरक्षण, घेरबार तथा पर्खाल, सिंचाई कुलो, खानेपानी, मठ मन्दिर, विद्यालय भवन लगायत सबै नयाँ सार्वजनिक निर्माणका जटिल प्रकृतिका कार्यहरु प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रियामार्फत गर्न गराउनु पर्नेछ। एउटै पालिकाभित्रका समान प्रकृतिका सार्वजनिक निर्माणका कार्यहरू समुहिकृत गरी यथासम्भव मूल्यमा प्रतिस्पर्धा गराई गर्नु गराउनु हुनेछ।

८. प्रदेश गौरव र बहुवर्षीय कार्यक्रम बाहेक अन्य आयोजना तथा कार्यक्रम सम्वत् २०८२ जेठ मसान्तभन्दा पछाडि कार्यान्वयन गर्ने गरी सम्झौता गर्नु हुनेछैन।

९. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त हुने ससर्त अनुदानको रकम जुन कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रमको लागि प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम मात्र खर्च गर्नु वा गराउनु हुनेछ। स्वीकृत मापदण्ड र कार्यविधि विपरीत खर्च भएको पाइएमा सम्बन्धित निकायले नै सोको पूर्णतः जिम्मेवार लिनुपर्ने व्यहोरा ध्यानाकर्षण गराउन चाहन्छु।

१०. नेपाल सरकारबाट हस्तान्तरण हुने ससर्त अनुदानतर्फका कार्यक्रम संशोधन गर्नु परेमा तलब भत्ता बाहेकको रकममा मात्र वार्षिक परिमाणात्मक लक्ष्य नघट्ने, स्रोत फरक नपर्ने र कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई आर्थिक मामिला मन्त्रालयमा पेस गर्नु हुनेछ।

११. स्रोत सहमति नलिई स्वीकृत वार्षिक विकास कार्यक्रममा विनियोजित रकमभन्दा बढी खर्च गर्नुपर्ने अवस्थामा सुरू गरिएका खरिद प्रक्रिया वा अन्य कारणबाट सम्बन्धित मन्त्रालय वा अन्य निकाय र मातहतका कार्यालयमा सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट कुनै प्रकारको थप बजेट निकासा वा रकमान्तर गरिने छैन। यसरी थप हुने दायित्वका सम्बन्धमा सम्बन्धित मन्त्रालय वा अन्य निकायका लेखा उत्तरदायी अधिकृत नै पूर्णतः जिम्मेवार हुनुपर्नेछ।

१२. प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन, महामारी नियन्त्रण र विशेष अवस्थामा सिर्जना हुने थप दायित्वको हकमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय बमोजिम हुनेछ।

१३. तहाँ मन्त्रालय वा अन्य निकायको स्वीकृत कार्यक्रमहरूमा विनियोजन गरिएको रकम खर्च नगरी उक्त कार्यक्रमका लागि कार्यक्रम संशोधनमार्फत रकमान्तर वा थप निकासा माग गर्नुहुने छैन।

१४. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नुहुने छैन। नेपाल सरकारबाट अनुमति लिई आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश मन्त्रिपरिषद्को निर्णय अनुसार मात्र वैदेशिक भ्रमण गर्नु हुनेछ।

प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।


पत्र संख्या : २०८१/८२
चलानी नं. :

१५. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट तेस्रो त्रैमासिक अवधिसम्म खरिद प्रक्रिया सुरु नभएका वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्वत् २०८१ चैत्र मसान्तभित्र अनिवार्य रूपमा आर्थिक मामिला मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

१६. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी उक्त ऐनको दफा ४ को उपदफा (१) बमोजिम सो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई स्वतः हुने व्यवस्था स्मरण गराउँदछु।

१७. प्रस्तुत मार्गदर्शनको आधारमा तहाँ मन्त्रालय वा अन्य निकायबाट बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तयार गरी यथाशीघ्र आफू मातहतका निकायमा पठाउनु हुनेछ र सोको जानकारी यस मन्त्रालयलाई उपलब्ध गराउनु हुनेछ।

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्थाः**

१८. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले कार्तिक मसान्तभित्र निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेछ। त्यस्तो निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु पर्नेछ। तर थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

१९. तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य प्रारम्भ नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी त्यस्ता निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२०. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित पूर्व स्वीकृति लिनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। आवश्यक्तानुसार राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धि प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु तथा गराउनु हुनेछ।

२१. आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरबन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने र दरबन्दीभन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भए अस्थायी दरबन्दी स्वीकृत गरी मात्र पठाउने व्यवस्था गर्नु गराउनु हुनेछ।

२२. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचक, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ। यसैगरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष,

कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि एवम् अन्तरनिकाय समन्वय लगायतका विषयमा प्रारम्भमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ।

२३. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय वा अन्य निकायले निर्देशनालय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ।

२४. आयोजना तथा कार्यक्रम कार्यान्वयनको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ तर पहिलो त्रैमासिक निकासा तथा भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो, तेस्रो र चौथो त्रैमासिक निकासा तथा भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम् ५० प्रतिशत हुनु पर्नेछ।

२५. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ मा भएको व्यवस्था अनुसार तहाँबाट आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागू गर्नु हुनेछ। बजेट तथा कार्यक्रम कार्यान्वयनमा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत समग्र रूपमा जिम्मेवार हुनु पर्नेछ।

२६. पुँजीगत परामर्शबाट सम्पादित क्रियाकलापको अध्ययन प्रतिवेदन त्रैमासिक रूपमा अवधि समाप्त भएको १५ दिनभित्र यस मन्त्रालयमा अनिवार्य रूपमा उपलब्ध गराउनु हुनेछ र सोको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. मन्त्रालय तथा मातहतको निकायबाट वितरण गरिने अनुदानलाई उत्पादन र प्रतिफलसँग आवद्ध गर्दै एउटै व्यक्ति, फर्म, संस्थाले दोहोऱ्याएर अनुदान प्राप्त गर्न नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ। त्यसरी वितरण गरेको अनुदान र लाभग्राहीको विवरण त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र अनिवार्य रूपमा यस मन्त्रालयमा उपलब्ध गराई सोको विवरण सार्वजनिक गर्ने व्यवस्था समेत मिलाउनु हुनेछ।

२८. प्रदेश सरकारबाट हुने सबै भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुने गरी कम्प्युटरीकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System- CGAS) मार्फत भुक्तानी, निकासा र खर्च लेखाङ्कन हुने व्यवस्था मिलाउनु हुनेछ।

२९. तहाँ मन्त्रालय तथा मातहतका निकायको स्वीकृत वार्षिक विकास कार्यक्रममा कुनै आयोजना/कार्यक्रम दोहोरो परेको खण्डमा एउटा आयोजना/कार्यक्रम मात्र कार्यान्वयन गरी बाँकी रहेको आयोजना/कार्यक्रम कार्तिक मसान्तभित्र समर्पणका लागि आर्थिक मामिला मन्त्रालयमा लेखी पठाउनु हुनेछ।

**(ग) <u>योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धमा:</u>**

३०. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम ससर्त अनुदानको रूपमा स्थानीय तहमा दोस्रो त्रैमासिकभित्रै हस्तान्तरणको व्यवस्था मिलाउनु हुनेछ। यसरी हस्तान्तरण हुने आयोजनाको कार्यान्वयनका सर्तहरू समेत तोकी पठाउनु हुनेछ।

३१. प्रदेश सरकारले स्वीकृत गरेको योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत कार्यान्वयन गर्न आवश्यक भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो कार्यक्रम वा योजना सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८१/८२
चलानी नं. :

३२. स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३३. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम संघ, प्रदेश र स्थानीय तहमध्ये कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको योजना वा कार्यक्रम अर्को तहको कुनै निकायले कार्यान्वयन गर्नु पर्ने अवस्थामा सो कार्यान्वयन गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा निकासा लिई लेखा राख्ने र आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

३४. प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका समपूरक तथा विशेष अनुदानमार्फत कार्यान्वयन हुने स्वीकृत कार्यक्रमहरूको प्रगति विवरण वा कार्य सम्पन्न प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय माध्यमबाट पेस नगरी सो कार्यक्रमका लागि विनियोजित रकमको अन्तिम किस्ता भुक्तानी नगर्ने व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

३५. स्थानीय तहमा ससर्त अनुदानबाट संचालन हुने कार्यक्रम/आयोजना कार्यान्वयनका लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

३६. वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा ससर्त अनुदानबाट संचालन हुने कार्यक्रम/आयोजना कार्यान्वयन हुने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदनः**

३७. पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन र पुँजीगत अनुदान शीर्षकमा विनियोजित रकम चालु अनुदान शिर्षकमा रकमान्तर गर्न सकिने छैन।

३८. वार्षिक स्वीकृत कार्यक्रमको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २२ को अधीनमा रही घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा रोक्का राखी रोक्का नम्बरसहित आर्थिक मामिला मन्त्रालयले तोकेको ढाँचामा रकमान्तर माग गर्नु गराउनु हुनेछ।

३९. तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्वमा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ।

४०. प्रदेश गौरव र बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गरिने छैन। क्रमागत आयोजनाको रकमान्तर वा थप रकमको लागि बजेट माग गर्दा आयोजनाको अवधि, कुल लागत, भौतिक तथा वित्तीय प्रगति र विषयगत मन्त्रालयबाट क्रमागत आयोजनालाई स्वीकृति प्रदान भएको निर्णयको प्रति आर्थिक मामिला मन्त्रालयमा पेस गर्नु हुनेछ।

४१. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब तथा भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८१/८२
चलानी नं. :

४२. स्वीकृत दरबन्दी तथा विनियोजित बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरूको करार सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्ने व्यवस्था मिलाउनु हुनेछ।

४३. राजस्व, खर्च, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीबाट राख्ने र प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४४. सरकारी निकायबाट सम्पादन हुने कार्यमा रहेको दोहोरोपना हटाउन र कार्यक्षेत्र तथा क्षेत्राधिकारको अन्यौल अन्त्य गर्न प्रदेश सरकारको स्थायी संरचनाबाट सम्पादन हुने नियमित कार्यका लागि नयाँ संरचना खडा गरिने छैन।

४५. कार्यालय सहयोगी तथा सवारी चालकको पदमा बाहेक अस्थायी, ज्यालादारी वा करारमा थप आर्थिक दायित्व पर्ने गरी नयाँ नियुक्ति गर्नु हुनेछैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुनेछैन। करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु हुनेछ। फाजिलमा रहेका कर्मचारीबाट समेत पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि आर्थिक मामिला मन्त्रालयको सहमति लिनु हुनेछ।

४६. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता कायम गरी खर्च गर्नु हुनेछ।

४७. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्थाका वा सरकारी सभाहल उपलब्ध हुन नसकेको अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४८. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामाग्रीहरू खरिद नगरी कार्यालयमा उपलब्ध भएकोलाई नै मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ तथा थप खरिद सम्बन्धी प्रस्ताव पेस गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरहरूको लिलाम अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, एयर कन्डिसनर, कम्प्यूटर, ल्यापटप, प्रिन्टर खरिद गर्दा आवश्यकता र औचित्यतताको आधारमा मात्रै गर्नु हुनेछ।

४९. सरकारी कार्यालयले सकेसम्म खाली भएका सरकारी भवनको प्रयोग गर्न प्राथमिकता दिनु हुनेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

५०. विभिन्न निकायमा रहेका दक्ष र कार्यकुशल जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय, संस्था र व्यक्तिबाट परामर्शदाता नियुक्त गरी कार्यालयको कार्यसम्पादन गराउने बढ्दो प्रवृत्तिलाई निरुत्साहित गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५१. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुनेछैन। यस्ता कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८१/८२
चलानी नं. :

नै जिम्मेवार हुनु पर्नेछ। विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजनाका लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्नुहुने छैन। साथै, आर्थिक वर्षको विचमा नयाँ कार्यक्रम/आयोजना संचालनका लागि प्रस्ताव गर्नुहुने छैन।

५२. स्वीकृत कार्यक्रमबाट विभिन्न प्रकारका भुक्तानी गर्दा आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ एवम् प्रचलित कानून बमोजिम अनिवार्य रूपमा अग्रिम कर कट्टी गरी तोकिएको समयावधिभित्र सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै, पारिश्रमिक, भत्ता, बैठक भत्ता र कर कट्टी हुने भुक्तानीमा अनिवार्य रूपमा व्यक्तिगत स्थायी लेखा नम्बर वा स्थायी लेखा नम्बर उल्लेख गरेर मात्र भुक्तानी गर्नु हुनेछ।

५३. ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वा वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको तीस प्रतिशतले हुन आउने रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताको नाम र स्थायी लेखा नम्बरबाट सम्बन्धित मूल्य अभिवृद्धि करको राजस्व शीर्षकमा जम्मा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५४. तहाँ मन्त्रालयबाट वित्तीय हस्तान्तरण अन्तर्गत ससर्त अनुदानको कार्यक्रम कार्यान्वयनका सर्तहरू समेत तोकी स्थानीय तहमा पठाउनु हुनेछ।

५५. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समेत विनियोजन भएको र गत आर्थिक वर्ष २०८०/८१ मा प्रचलित कानून, स्वीकृत मापदण्ड बमोजिम विधिसम्मत रूपमा खर्च शीर्षक ३११५१ -सडक तथा पूल निर्माण, खर्च शीर्षक ३११५५ -सिँचाई संरचना निर्माण, खर्च शीर्षक ३११५६ - खानेपानी संरचना निर्माण, खर्च शीर्षक ३११५८ - सरसफाई संरचना निर्माण, खर्च शीर्षक ३११५९ - अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट म.ले.प.फा.नं. २२१ भरी प्रमाणित भएको रकमको हकमा सम्बन्धित आयोजना तथा कार्यक्रमको जुनसुकै त्रैमासिकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्नुहुनेछ।

५६. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि आर्थिक मामिला मन्त्रालयबाट बहुवर्षीय ठेक्का तथा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण PLMBIS मा सम्बत् २०८१ साल मंसिर मसान्तभित्र अनिवार्य रूपमा प्रविष्ट गर्नुहुनेछ।

**(ङ) <u>वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:</u>**

५७. आर्थिक अनुशासन र मितव्ययिता कायम गर्दै आयोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण, लागत र समयावधि समेतलाई मध्यनजर गरी कार्यान्वयन गर्नु गराउनु हुनेछ।

५८. मन्त्रालय वा अन्य निकायको खर्चको विवरण मासिक रूपमा प्रकाशन वा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५९. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा माननीय आर्थिक मामिला मन्त्रीको अध्यक्षतामा त्रैमासिक अवधि समाप्त भएपछि गरिनेछ। कार्यक्रमको प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा अनिवार्य रूपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

प्रदेश सचिव

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८१/८२
चलानी नं. :

६०. बजेट तथा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गर्नु हुनेछ। क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यसम्पादनको क्रममा आइपरेका समस्या र कारण उल्लेख गरी आवश्यक सहजीकरणको लागि समयमा नै यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

६१. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि खर्च प्रतिवद्धताको अभिलेख राख्ने व्यवस्था गर्नु हुनेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयलाई सोको प्रतिवेदन गरी यस मन्त्रालयमा पनि जानकारी गराउने व्यवस्था मिलाउनु हुनेछ। यस सम्बन्धी थप व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

६२. विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६३. बजेट तथा कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाह गर्ने हरेक निकायमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र राखी सो अनुरूप कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(च) विविधः**

६४. प्रदेश विशेष प्रोत्साहन भत्तालाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ। उक्त भत्ता प्रदेश सञ्चित कोषबाट व्ययभार हुने गरी प्रदेशमा कार्यरत स्वीकृत दरबन्दीभित्रका राष्ट्रसेवक कर्मचारीका लागि मात्र भएकाले सोही अनुरूप गर्नु गराउनु हुनेछ।

६५. तहाँ मन्त्रालय/कार्यालय तथा मातहतका निकायमा आन्तरिक भ्रमण शीर्षकमा विनियोजित रकम प्रदेश निजामती कर्मचारीको आन्तरिक भ्रमण (कार्यक्रम संचालन) निर्देशिका, २०७७ बमोजिम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

६६. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २३ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४० बमोजिम यस मन्त्रालयले विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने व्यवस्था रहेको समेत स्मरण गराउन चाहन्छु।

६७. आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा यस मन्त्रालयलाई जानकारी दिई निकासा भए बमोजिम गर्नु हुनेछ।

६८. तहाँ मन्त्रालयबाट हुने अनुदान वितरण लगायतका कार्यसम्पादन गर्दा प्रचलित कानूनको अधीनमा रही आवश्यक कार्यविधि र मापदण्ड तर्जुमा गरेर मात्र नियमानुसार जे गर्नु पर्ने हो सो सम्पादन गर्नु हुने नै छ। अनुदान वितरण सम्बन्धी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्दा अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिनु नै हुनेछ।

६९. संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र यसको आधारमा तर्जुमा भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन एवम् सूचनाको हक सम्बन्धी ऐनमा उल्लिखित विषय प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने जिम्मेवारी

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८१/८२
चलानी नं. :

कानूनतः बहन गर्नु नै हुनेछ। खर्च सम्बन्धी कार्यसम्पादन गर्दा गराउँदा अधिकतम् पारदर्शिता अवलम्बन गर्दै वित्तीय उत्तरदायित्वमार्फत वित्तीय अनुशासन कायम गर्नेतर्फ यहाँको सम्पूर्ण प्रयास केन्द्रित गर्नु हुनेछ।

७०. संघीय कानून र यस बमोजिम बनेका प्रदेश कानून बाझिएको अवस्थामा विद्यमान रहेका संघीय कानून बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु हुन ध्यानाकर्षण गराउँदछु। संघीय कानून तथा प्रदेश कानून प्रतिकूल नहुने गरी मापदण्ड, कार्यविधि, निर्देशिका जे तर्जुमा गर्नु पर्ने हो सो गर्नु हुनेछ भन्ने विश्वास लिएको छु।

७१. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानूनमा उल्लेख भएका पारदर्शिता एवम् वित्तीय उत्तरदायित्व सुनिश्चित गर्ने व्यवस्थाको परिपालना गर्ने गराउने तथा उपलब्धिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गराउने कार्यसहित समग्र वित्तीय सुशासन कायम गर्न यहाँको भूमिका महत्वपूर्ण हुने विश्वास लिएको छु।

श्री सचिव, सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

**संलग्न:**

(क) आ.व. २०८१/८२ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति
(ख) बजेट वक्तव्य - १ प्रति
(ग) वार्षिक विकास कार्यक्रम - १ प्रति
(घ) सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ - १ प्रति
(ङ) सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ - १ प्रति

*आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको website: moea.sudurpashchim.gov.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ।*

झलकराम अधिकारी
(प्रदेश सचिव)

**बोधार्थ:**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली : सादर अवगतार्थ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।